नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

प.सं. : ०७५/७६ (गु.६)
च.नं. : 26

फोन नं.०१-४२००५९१

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरबार, काठमाडौं, २०७२

मितिः २०७५।०४।२८

विषयः **अन्यत्र अर्को बस्नयोग्य घर भएका व्यक्तिहरुको सम्बन्धमा ।**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
ओखलढुंगा/सिन्धुली/रामेछाप/दोलखा/सिन्धुपाल्चोक/काभ्रेपलाञ्चोक/भक्तपुर/ललितपुर/काठमाडौं/रसुवा/नुवाकोट/धादिङ्ग/मकवानपुर/गोरखा।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७५।०३।०१ को १०७ औं बैठकको निर्णय प्रतिलिपि प्राप्त भएकै होला । उक्त बैठकको निर्णय नं ४ को बूँदा (ङ) अनुसार गुनासोकर्ताहरुको अन्यत्र अर्को बस्नयोग्य घर भए नभएको सम्बन्धित गाउँपालिका/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई प्रमाणित गरी पठाउन निर्देशन भएको व्यहोरा अवगतै छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संशोधन), २०७३ को दफा ३ को उपदफा १ खण्ड (ख) मा भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थान वा अन्यत्र बसोबासयोग्य अर्को घर नभएको व्यक्ति वा परिवार मात्र लाभग्राही हुन सक्ने व्यवस्था भएकोले उपरोक्त बमोजिम अन्यत्र अर्को बस्नयोग्य घर (House in Other Place) भएका भनी सूचीमा उल्लेखित व्यक्तिहरुको घर छ वा छैन भनी गाउँपालिका/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुले प्रमाणित गरी पठाउँदा सम्बन्धित व्यक्ति तथा निजको एकाघरको परिवारका सदस्यको नाममा घर भए, नभएको यकिन गरेर मात्र प्रमाणित गर्नुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

(लालबहादुर बस्नेत)
शाखा अधिकृत